नेपाल सरकार

शहरी विकास मन्त्रालय

**पदाधिकारी सिफारिश समितिको सचिवालय**

प्रथम पटक प्रकाशन मितिः २०७७।१२।२

यस मन्त्रालय सम्बद्ध काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पद खुला प्रतियोगिताबाट पूर्ति गर्नुपर्ने भएकोले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ र "शहरी विकास मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति तथा मनोनयनसम्वन्धी निर्देशिका, २०७६" बमोजिम देहायको योग्यता भएको व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र तोकिएबमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**१. आवश्यक योग्यताः**

- मान्यताप्राप्त विश्वविद्यालयबाट सिभिल ईञ्जिनियरिङ वा शहरी योजना वा प्रशासन वा व्यवस्थापन वा अर्थशास्त्र वा समाजशास्त्र वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको
- कुनै संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको
- "शहरी विकास मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरुको नियुक्ति तथा मनोनयनसम्वन्धी निर्देशिका, २०७६" को दफा ४ बमोजिम अयोग्य नभएको

**२. पारिश्रमिक तथा सुविधाहरुः**

नेपाल सरकारबाट तोकिएबमोजिम

**३. दरखास्त फारामसाथ संलग्न राख्नुपर्ने कागजातहरुः**

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख) व्यक्तिगत विवरण

ग) शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि

घ) अनुभव खुल्ने कागजातहरुको प्रमाणित प्रतिलिपि

ङ) काठमाडौं उपत्यका विकास प्राधिकरणको सुधारको व्यावसायिक कार्य योजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम ।

नोटः दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ । फारामको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि मोबाईल नं ९८५१०९९२३१ (कार्यालय समयभित्र) मा सम्पर्क गर्न सकिनेछ । विस्तृत जानकारी मन्त्रालयको वेभसाईट www.moud.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

द्रष्टव्यः उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्दा व्यावसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान तोकिने छ ।